निर्णयहरु

१. यस जि.स.स.डडेल्धुराका प्रमुख श्री गगन सिंह भण्डारीका साथै जि.स.स.सदस्य श्री सन्जय जैरु (दमाई) र प्रकाश दत्त भट्ट मिति २०७९।०२।३१ गते जि.स.स.डडेल्धुराको च.नं २६ मिति २०७९।०२।२५ को पत्र सहित जि.स.स.को कार्यालयको नाममा वजेट तथा कार्यक्रम आ.व.०७९।८० मा समावेश गर्ने प्रयोजनका लागि सामाजिक विकास मन्त्रालय, धनगढी जानु भएको हुदा निजको उक्त कार्यालय सम्बन्धी भ्रमणका सम्वन्धमा भ्रमण आदेश अनुमोदन गर्ने निर्णय गरियो ।

२. यस जिल्ला समन्वय समितिको कार्यालय डडेल्धुराको स्वामित्वमा रहेको संरचनामा वनेको भवनहरु विगत वर्ष देखि RVWRMP संग भएको सम्झौता अनुसार उक्त प्रोजेक्ट बस्दै आईरहेको अवस्थामा उक्त संस्थाको च.नं.४३४ मिति २०७९/०२/१२ गतेको प्राप्त पत्रानुसार RVWRMP को कार्यक्रम सम्पन्न सम्बन्धी जानकारी यस कार्यालय लाई प्राप्त भएको छ । उक्त संस्थामा रहेका जिन्सी सरसामान श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१९२ मिति २०७८/१२/०६ को पत्रानुसार जेजस्तो अवस्थामा छ सोही अवस्थामा बुझी हाल जि.स.स.कार्यालयले कार्यालय संचालनार्थ प्रयोगमा ल्याएका भवनहरु ज्यादै पुराना पटक पटक विस्फोटमा परि जोखिमको अवस्थामा रहेको तथा वर्षातका समयमा पानी चुहिने समस्या भै दैनिक कामकाज गर्न असहज परिस्थीति भएको हुदा उक्त संस्थाले छोडे पश्चात यसै कार्यालय परिसर भित्रको उक्त भवनहरुमा लगत्तै यस कार्यालय तथा कार्यालय संग सम्वन्धीत विषय उक्त भवनहरुमा सार्न जि.स.स.को कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

३. स्थानीय सरकार सन्चालन ऐन, २०७४ को धारा ११० (१) अनुसार सदस्यले पद धारण गरेको र प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो र आफ्नो परिवारको सदस्यको नाममा रहेको चल अचल सम्पत्तिको श्रोत वा निस्सा सहितको अद्यावधिक विवरण प्रचलित कानुनले तोकेको ढांचामा सम्वन्धित स्थानीय तहमा पेश गर्नु पर्ने व्यवस्था अनुसार यथासिघ्र यस जि.स.स.कार्यालयमा उक्त सम्पत्ति विवरण जि.स.स.सबै सदस्यले पेश गर्ने निर्णय गरियो ।

४. यस जिल्ला समन्वय समितिको कार्यालयको आ.व.२०७७/०७८ सालको म.ले.प.को प्रतिवेदन हालै प्राप्त हुन आएको छ । उक्त प्रतिवेदनमा उल्लेख भए अनुसार कार्यालयको गो.भौ.न.१७९ बाट रु९९९९३ र गो.भौ.नं. १८१ वाट ४९९५०। समेत रु १४९९४३। र सृजना फर्निचर उद्योगवाट फर्निचर खरिद गरेकोमा खर्च गर्नुपर्ने आवश्यक कारण,खर्च सर्मथन गराई नियमित गराउनु पर्ने भनि उल्लेख भै आएको सन्दर्भमा यस कार्यालयको cgas software प्रणाली अनुसार निर्धारित खर्च शीर्षक पाँच वटा (चालु अनुदान) मात्र रहि पुजिगत शीर्षक अर्थात फर्निचर एवं फर्निसिङ्ग तर्फ कुनै शिर्षक तथा वजेटको नै व्यवस्था नरहेको तथा कार्यालयमा भएका जिन्सी सामान फर्निचर ज्यादै पुरानो भई कार्यालयको दैनिक कामकाजमा वाधा परिरहेको अवस्था सृजना भई अत्यावश्यक अवस्थामा मात्र उक्त सामान खरिद गरिएको हुदा सो खर्च नियमित कार्यालय संचालनका लागि तोकिएको कार्यालयको वजेट परिधि भित्रवाट नियम संगत खर्च गरिएको हुँदा सो खर्चको अनुमोदनका साथै नियमित गरिदिने व्यवस्था हुन संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सिफरिस गर्ने निर्णय गरियो ।

५.यस जि.स.स.को कार्यालय परिसर भित्र करिब २०० जना सम्मको क्षमता भएको जिल्ला सभा हल सहरी विकास तथा भवन डिभिजन कार्यालय, डोटी (प्रदेशस्तर) को स्रोत साधन एवं प्रत्यक्ष प्राविधिक सुपरिवेक्षणमा निर्माण कार्य सुरु हुन थालेको सन्दर्भमा उक्त कार्यमा आवश्यक निगरानी, समन्वय एवं सहजीकरणका लागि यस जि.स.स.को तर्फबाट जि.स.स. सदस्य श्री संजय जैरु (दमाई) को संयोजकत्वमा जि.स.स. सदस्य श्री प्रकाश दत्त भट्ट र जि.स.स.का ना.सु. श्री तिर्थराज ओझालाई सदस्य तोकी हाललाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।